"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं (Reg. No.):

मिति : २०८०/०३/२६

## विज्ञप्ती

सम्पूर्ण आदरणीय नगरवासीहरु,

स्वच्छ, सफा, समृद्ध, सुन्दर महालक्ष्मी नगर बनाउने योजना अनुरुप यस नगरपालिका अगि बढि रहेको सर्वविवितै छ । २०७९ सालको स्थानिय निर्वाचन पश्चात आम नगरबासीहरुको इच्छा, आकांक्षा र चाहनालाई पुरा गर्न हरहमेसा नगरपालिका क्रियाशील रहेको छ। यस महालक्ष्मी नगरपालिका भित्र जनसमुदायका सवालमा जल्दा बल्दा समस्याहरुलाई प्राथमिकताको आधारमा कार्य सम्पादन गरि रहेका छौं। यसरी प्राथमिकीकरण गरि रहदा खानेपानीलाई नगरपालिकाले नै पहिलो प्राथमिकतामा राखेको र निर्वाचनको सन्दर्भमा पनि प्रतिवद्धता जाहेर गरेका थियौ। जनतासंग प्रत्यक्ष जोडिएको मानव जिवन रक्षाको आवश्यकता र पूर्ति नै खानेपानी हो। यसै सन्दर्भमा महालक्ष्मी नगरपालिका अन्तर्गतको वडा नं. १,२,३ र ४ मध्ये वडा नं. १ र ४ खानेपानी उपलब्धताको हिसाबले पछाडी परेको छ। उक्त वडाहरुमा जनताको माग बमोजिम खानेपानी उपलब्ध गराउन श्रोत सुनिश्चितता छैन तथापी यो समस्यालाई हल गर्नु महालक्ष्मी नगरपालिकाको प्रमुख दायित्व हो । यस परिप्रेक्ष्यमा नगरपालिकामा श्रोत साधनको अभावका बाबजुद यो चुनौतीलाई अवसरको रुपमा बदल्दै खानेपानी समस्या समाधान गर्न नगरपालिका तल्लीन रहेको व्यहोरा सबैमा जानकारी गराउन चाहान्छु ।

यस नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा नगरको खानेपानी समस्या समाधान गर्ने उद्देश्यले वृहद खानेपानी योजनाको लागि एकमुष्ठ रकम रु ३ करोड ३० लाख (अक्षेरुपी तीन करोड तीस लाख रुपैया मात्र) विनियोजन गरिएको छ । यथा सक्य छिटो भन्दा छिटो सम्बन्धीत सरोकारवाला सहित गोदावरीमा मुहान रहेको इमाडोल खानेपानी मार्फत इमाडोमा सहज रुपमा खानेपानी वितरण गर्नका लागी यहि आउँदो मिति २०८० साल श्रावण ७ गतेबाट DPR तयार गर्नका लागि प्राविधिक टोली खटाउने जानकारी गराउन चाहान्छु। उक्त प्राविधिक टोलीबाट भाद्र ७ गतेसम्म DPR तयार गरी टेण्डर प्रक्रिया मार्फत ढिलोमा २०८२ साल असार समान्तसम्म नगरपालिकाको वडा नं. १ र ४ लाई खानेपानी वितरण गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

हरि गोविन्द श्रेष्ठ
नगर प्रमुख

“स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर”
“Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality”

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं (Reg. No.):

यस महालक्ष्मी नगरपालिकाको वडा नं. १ र ४ मा खानेपानी उपलब्ध गराउन इमाडोल खानेपानी तथा सरसफाई उपभोक्ता समिति इमाडोल, ललितपुर र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना हेटौंडा, मकवानपुर बीच भएको सम्झौता बमोजिम इमाडोल सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको कुल लागत रु.२८,२२,८५,५३२।४२ मध्ये उपभोक्ता समितिले नगदै व्यहोर्नु पर्ने १० प्रतिशतले हुन आउने रकम रु २,८२,२८,५५३।२४ को पाँच प्रतिशत रकम रु. १,४१,१४,२७।६२ खानेपानी तथा ढल व्यवस्था आयोजना र उपभोक्ता संस्थाको खातामा ऋण स्वरुप उपलब्ध गराउन इमाडोल खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत लेखि आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसको सिमाभित्र रहि सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको तर स्थानीय तहले उपभोक्ता समिति/संस्थालाई ऋण दिने स्पष्ट कानूनी आधार नदेखिएको र सहलगानी सम्बन्धी विद्यमान कानूनमा समेत स्थानीय तहले उपभोक्ता समिति/संस्थालाई ऋण दिने सम्बन्धी स्पष्ट व्यवस्था नभएको हुँदा पछि उक्त ऐन, कानून तथा तदनुकुलका नीति निर्माण भएपछि यस्ता परियोजनाहरुलाई पनि अगाडि बढाउन सकिने व्यहोरा यसै विज्ञप्ती मार्फत जानकारी गराउदछु।

साथै खानेपानी स्रोतका लागी मेलम्ची खानेपानीलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन सम्बन्धीत निकायहरुमा पहल गरी यथाशिघ्र महालक्ष्मी नगरपालिका भित्र दिर्घकालीन रुपमा मेलम्ची खानेपानी आयोजना वितरणका लागि नगरपालिका प्रतिबद्ध रहेको सहर्ष जानकारी गराउदछु।

अन्तमाः खानेपानी योजनालाई सफल पार्न आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु।

हरिगोविन्द श्रेष्ठ
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, ललितपुर

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np